वागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
मधेश प्रदेश, नेपाल

**वागमती नगरपालिकाका उपप्रमुख श्री लिला कुमारी मोक्तान ज्यूद्वारा प्रस्तुत**
**आ.व.२०८०।८१ को बजेट बक्तब्य**
**नगरसभामा पेश भएको : मिति २०८०।३।१०, आईतवार**

यस गरिमामय नगर सभाका अध्यक्ष एंव नगरप्रमुख श्री भरत कुमार थापा ज्यू,
प्रमुख अतिथिज्यू,
विशिष्ट अतिथिज्यूहरु तथा उपस्थित नगरसभाका सदस्य ज्यूहरु
उपस्थित अन्य सम्मानित व्यक्तित्व तथा सम्पुर्ण जनसमुदायहरु ,

सर्वप्रथम म यस गरिमामय सभा समक्ष १० वर्षे जनयुद्ध तथा विभिन्न जनआन्दोलनको कममा शहिद हुनु भएका कान्तिकारी रुपान्तरणका संवाहक, हाम्रा पथ प्रदर्शक, अमर र वीर शहिदहरु प्रति श्रद्धा सुमन व्यक्त गर्न चाहान्छु ।

सभाध्यक्ष महोदय,
यस गरिमामय सभा समक्ष आ.व. २०८०।८१ को बजेट प्रस्तुत गर्न पाउंदा आफुलाई गौरान्वित महशुस गरेको छु । स्थानीय सरकार जनताको नजिकको सरकार हो । स्थानीय आवश्यकतालाई नजिकबाट बुझ्ने , मनन गर्ने र सो अनुकुल नीति निर्माण गरि स्थानीय स्रोत, साधन र जनशक्ति परिचालन गरि खोजेको न्याय दिने जनमन्थनको थलो पनि हो । तसर्थ स्थानीय तह जनताले स्पर्श गर्न सक्ने घर दैलोको सरकार पनि हो । यस अर्थमा हाम्रो बजेट, नीति तथा कार्यकम जन चासोको विषय हुनु पर्छ र भएको पनि छ ।

सभाध्यक्ष महोदय,
अव म गत आ.व. २०७८।७९ को बजेटको केही समिक्षा प्रस्तुत गर्न गइ रहेको छु ।
आ.व. २०७८।७९ मा कुल यथार्थ आय रु ८१ करोड ५७ लाख रहेको र जसमध्ये यथार्थ व्यय चालु खर्च तर्फ रु २८ करोड २६ लाख र पुंजीगत खर्च तर्फ रु.५३ करोड १० लाख भएको व्यहोरा अवगत गराउन चाहन्छु ।
आ.व.२०७९।८० को संसोधित बजेट रु.८६ करोड १७ लाख रहने अनुमान गरेको छु । आय व्यय विवरण अनुसुचीहरुमा प्रस्तुत गरेको छु ।



लिला कुमारी मोक्तान
उप-प्रमुख
भरत कुमार थापा
प्रमुख

**प्रमुख सम्पादित कार्यहरु :**

सभाध्यक्ष्य ज्यू, अव म प्रमुख सम्पादित कार्यहरुको संक्षिप्त विवरण प्रस्तुत गर्न गइ रहेको छु :

१) नगरका सवैजसो सडकहरु कालोपत्रे भएका

२) प्रदेश स्तरकै गौरवको आयोजनाको रुपमा रहेको करीव १२१ विघाह जग्गामा माछा ताल निर्माण

३) आम्दानी र उत्पादन संग सिधा सम्पर्क राख्ने करीव १५० विघाह जग्गामा नगरबगैचा निर्माण ।

४) वागमती फनपार्क तथा रिसोर्ट निर्माण कार्यको थालनी

५) सुकुम्वासी तथा अब्यस्थित वासोवासीहरुको तथ्यांक संकलन भइरहको र यस समस्याको दीर्घकालिन समाधानको लागि जग्गा नापजांच प्रणाली अन्तिम चरणमा पुगेको छ ।

६)सुत्केरी पोषण सुरक्षा कार्यक्रम अन्तर्गत नगद वितरण मार्फत प्रत्यक्ष लाभ प्रदान गरिएको छ ।

७) विद्यालय भौतिक पुर्वाधार सुधार, शिक्षाको ब्यवसायिकरणको लागि प्राविधिक शिक्षाको थालनी, उन्नत प्रविधिबाट मन्टेश्वरी कक्षाको थालनी, विद्यालय, जनप्रतिनिधि अभिभावक अन्तरकृया कार्यक्रम, शिक्षकको स्वमुल्यांकन पद्धती, परीक्षा प्रणालीमा सुधार, विद्यार्थीको मुल्यांकनबाट शिक्षकको मूल्यांकन, वस्तुपरक सुचकको आधारमा विद्यालयको मुल्यांकन गर्ने पद्धती थालनी भएको छ ।

८) कृषिको सुधारको लागि पकेट क्षेत्र घोषणा जस्ता कार्यको थालनी भएको छ ।

९) खेलकुद विकास तर्फ राजर्षि जनक खेलकुदको आयोजना, खेलकुद प्रशिक्षक तथा खेलकुद मैदानहरुको विकास गरिएको छ ।

१०) रोजगारमुलक तथा जीवनोपयोगी कार्यक्रमहरुको थालनी भएको छ । दिर्घकालिन आय सिर्जना गर्ने आयोजना तथा कार्यक्रमहरुको थालनी भएको छ ।

११) वागमती नगरको प्रतिवद्धता, भ्रष्टचारमा शुन्य सहनशिलता अनुरुप सेवा प्रवाहलाई जनमैत्री , पारदर्शि, उत्तरदायि, परिणाममुखी बनाउने कार्यको थालनी भएको छ ।

## वागमती नगरपालिकाको आ.व.२०८०।८१ को बजेट, योजना , निति तथा कार्यक्रम

सभाध्यक्ष महोदय,

अव म आगामी आ.व. २०८०।८१ को बजेट( आय- ब्यय), योजना र कार्यक्रम प्रस्तुत गर्न गइ रहेको छु ।

बागमती नगरपालिकाको आगामी आर्थिक वर्ष २०८०।८१ को कुल बजेट रु. ९० करोड १० लाख अनुमान गरेको छु , जस मध्ये चालु तर्फको ब्यय रु.३२ करोड ९८ लाख र पुंजिगत तर्फको ब्यय रु. ५७ करोड १२ लाख प्रस्ताव गरेको छु । खर्च ब्यहोर्ने स्रोतहरुमा नेपाल सरकार

बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
मधेश प्रदेश, नेपाल

अनुदान, नगरपालिका आन्तरिक आय, राजश्व बांडफांडबाट प्राप्त आय, सडक बोर्ड नेपाल अनुदान, बहुक्षेत्रीय पोषण योजना अनुदान, प्रदेश सरकार अनुदान प्रस्ताव गरेको छु । जसको विस्तृत विवरण संलग्न अनुसुचिहरुमा उल्लेख गरेको छु ।

**"स्थनीय सरकार, समृद्धिको आधार"**

१.लक्ष्य: शिक्षा, स्वाथ्य, रोजगार, त्यसैका लागि पुर्वाधार ।

२.उद्देश्य:

- समृद्ध र सदाचारयुक्त पालिका निर्माण गर्नु ।
- रोजगारमुलक, जीवनउपयोगी र व्यवसायिक शिक्षाको थालनी गर्नु
- सवै नागरिकलाई समन्यायिक र समानुपातिक सहअस्तित्वको अधारमा राज्यको मुल धारमा ल्याउनु
- सेवा प्रभावलाई गुणस्तरीय, सुचना प्रविधिमैत्री र जनआकांक्षा सापेक्ष वनाउनु
- सवैको हित स्थापित गर्दै सक्षम सवल र सुसंस्कृत पालिका स्थापित गर्नु
- स्वस्थ्य, सक्षम र उत्पादनशील जनशक्ति तयार गर्नु
- युवा पिडीलाई स्वदेशमा टिकाई राख्न सीपको उचित सम्मान गर्नु

३.प्राथमिकता:

- जीवन उपयोगी र सीपमा आधारित शिक्षा
- दिगो विकासको लागि पर्यटन
- स्थानीय सीप, श्रम , साधनको उपयोग
- सहज र पहुंचयोग्य स्वाथ्य सेवा
- गुणस्तरीय नागरिक सेवा र पुर्वाधार

**४ बजेट निर्माणका आधारहरु :**

४.१ नेपालको संविधान

४.२ स्थानीय सरकार सञ्चालन ऐन

४.३. नेपाल सरकारको बजेट, निति तथा कार्यकमहरु

४.४ चालु आवधिक योजना, दीर्घकालिन सोच र प्रतिवद्धताहरु

४.५.प्रदेश सरकारका नीति, कार्यकम, बजेट

४.६.नगरपालिकाको मौजुदा निति ,कार्यकम र बजेट

४.७ अन्य सान्दर्भिक विषयहरु



भरत कुमार थापा
प्रमुख

लिला कुमारी मोक्तान
उप-प्रमुख

बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
मधेश प्रदेश, नेपाल

भरत कुमार थापा
प्रमुख

सभाध्यक्ष महोदय,
म अब यस नगरपालिकाले अवलंवन गर्ने नितीहरुको वारेमा उल्लेख गर्न गइरहेको छु ।

५ .नीतिहरुः

५.१. भु उपयोग सम्बन्धी नीती

- ⊖ राष्ट्रिय भुउपयोग नीतीको कार्यान्वयन गरिने छ ।
- ⊖ जग्गाको खण्डिकरण र अव्यवस्थित प्रयोगलाई निरुत्साहित गरि जग्गा वर्गिकरण गरि वर्गिकरणको आधारहरुको कडाइका साथ कार्यान्वयन गरिने छ ।
- ⊖ नगरपालिकाको क्षेत्र भित्र रहेका नदि उकास जग्गा, सार्वजनिक र पर्ति जग्गाहरुको संरक्षण र प्रवर्द्धन गरि पर्यटन र उत्पादनसंग सम्बन्धित कृयाकलाप गरि नगरको आन्तिरिक आय बृद्धि गरिने छ ।
- ⊖ सावर्जनिक नीजि साझेदारीमा वगर खेती, साझा वन जस्ता कार्यकम सञ्चालन गरिने छ ।

५.२ शहरी विकास सम्बन्धी नीति :

- ⊖ राष्ट्रिय भवन संहिताको पालनामा जोड दिने ।
- ⊖ नगरपालिकाकाले वस्ती वा वसोवास क्षेत्र केन्द्रित गरी एकै प्रकारको घरका डिजाइनहरु तथा एकै प्रकाको रंगरोगन मापदण्ड कायम गरिनेछ ।
- ⊖ नगरविकास कोष तथा अन्य रणनैतिक साझेदारहरुको सहकार्यमा कम्तीमा कुनै एक स्थानमा ल्याण्ड पुलिंग कार्यको थालनी गरिने छ । जसको लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।
- ⊖ नगरपालिकाको नगर गुरुयोजना तयार गरि कार्यान्वयन गरिने छ ।
- ⊖ आगामी आर्थिक वर्षभित्र नगरको आवधिक योजना तयार गरिने छ , जसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- ⊖ नगरमा रहेको घरवार विहिन, सुकुम्वासीको लागि व्यवस्थित सांस्कृतिक पहिचान सहतिको समुहकृत नमुना वस्ति निर्माणको लागि सुकुम्वासी वस्ति विकास कार्यकम अन्तर्गत रु. १ करोड विनियोजन गरेको छु । साथै यस कार्यकमको लागि संघ, प्रदेश र स्थानीय तह सहकार्यको रणनिति लिइने छ ।
- ⊖ वागमती पुर्व पश्चिम लोकमार्गको वडा नं.४, १२ मा जग्गा प्राप्त गरि नगरपालिकाको प्रशासकीय भवन, रोड साइड स्टेशन तथा वाजर केन्द्र निर्माण गर्न आवश्यक बजेट



भरत कुमार थापा
प्रमुख

लिला कुमारी मोक्तान
उप-प्रमुख

विनियोजन गरेको छु । जसको लागि प्रदेश सरकार र नेपाल सरकारबाट रु. १ अर्व सहलगानी हुने अनुमान गरेको छु ।

- आवश्यकता अनुसार वडा प्रशासनिक भवन निर्माण गरिने छ ।
- भु उपयोग नियमावली, वस्ति विकास मापदण्ड र नक्सा पासको नयां मापदण्ड तयार गरि कार्यान्वयन गरिने छ ।
- नगरपालिकाको उत्तर दक्षिण जोड्ने क्षेत्रीय सडक कालोपत्रे गर्ने कार्यको लागि रु. ७ करोड विनियोजन गरेको छु ।

## ५.३. वातावरण व्यवस्थापन र सरसफाई सम्बन्धी नीति

- वातावरण विनासको विश्वब्यापी समस्यालाई समाधान गर्न वतावरणमैत्री स्थानीय सरकारका सुचकहरु तयार गरि कार्यान्वयन गरिने छ । एक घर दुई फल बृक्षलाई सवै प्रकारको मापदण्डमा समावेश गरिनेछ । विद्यालयहरुलाई हरित विद्यालयको रुपमा विकास गरिने छ ।
- विद्यालयहरुमा वातवरणमैत्री अन्तरकृयात्मक कार्य अनिवार्य गरिने छ । जसको लागि रु. १० लाख विनियोजन गरेको छु ।
- घर तहमै फोहोरको ब्यवस्थापन गर्ने पद्धतीको अवलंवन गरिने छ ।
- शुन्य फोहोर ब्यहारमा समग्र समुदायलाई परिचालन गरिने छ ।
- फाहोरबाट अर्गानिक मल उत्पादन गर्ने र सो अर्गानिक मल कृषि उत्पादनमा उपयोग गर्ने पद्धतीको अवलंवन गरिने छ ।
- फाहोर ब्यवस्थापन पद्धतीलाई आय आर्जन पद्धतीसंग अन्तरआवद्धता गरिने छ । घर घरमा अर्गानिक कौषी र करेशावारी खेती प्रोत्साहन गर्न रु १० लाख विनियोजन गरेको छु ।
- विद्यालयका विद्यार्थी शिक्षक सहभागितामा सडकको दायां वायां बृक्षारोपण गरि हरित सडक निर्माण गर्न प्रति विद्यालय रु. १० हजारको दरले अनुदान दिने ब्यवस्था मिलाएको छु ।
- नदीले सिर्जना गरेको जोखिम न्युनिकरण गर्न नदि नियन्त्रणमा वायो इन्जिनियरिंग पद्धतीको विकास गरिने छ ।
- नदी नियन्त्रण तथा तटबन्धको लागि अवश्यक बजेटको ब्यवस्था गरेको छु ।
- प्रदेश स्तरकै गौरवको आयोजनाको रुपमा रहेको वडा नं ४ र १२ मा अवस्थित नगरको गौरवको आयोजना वागमती माछा पोखरी निर्माणमा पर्यटकीय पुर्वाधार निर्माण गर्न आवश्यक बजेट ब्यवस्था गरेको छु । यस आयोजनाको लागि नेपाल सरकार प्रदेश सरकार र नगरपालिका वीचको सहलगानीको निति लिइने छ ।
- वातावरण संरक्षण र सरसफाईलाई सामाजिक दायित्वको रुपमा विकास गरिने छ ।
- विभिन्न प्रकारका विरुवा उत्पादन गर्न नगर नर्सरीको ब्यवस्था गरिने छ ।
- चुरे जलाधारको संरक्षण गरी थोपा सिचाइ प्रणालीद्धारा कृषि उत्पादनको बृद्धि गरिने छ ।



भरत कुमार थापा
प्रमुख

लिला कुमारी मोक्तान
उप-प्रमुख

बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
मधेश प्रदेश, नेपाल

- नदी उकास जग्गामा बृक्षारोपण गरिने छ। एक वडा एक नगर बगैचा स्थापना गरिने छ।
- वडा नं. ४ , १२ को पर्यटकीय स्थल वागमती माछा पोखरी भन्दा दक्षिण तर्फको नदी उकास खाली जग्गामा Open Mini Zoo निर्माण गरिने छ। उक्त आयोजनाको लागि रु. २ करोड विनियोजन गरेको छु।

## ५.४. प्रकोप न्युनिकरण तथा व्यवस्थापन

- हाल देखिएको विश्वब्यापी प्रकोपबाट पाठ सिक्दै विपद न्युनिकरण तथा व्यवस्थापनको दिर्घकालिन योजना बनाइने छ।
- पुर्व सचेतना प्रणाली तथा प्रकोप पिडितको लागि सुरक्षित बसोवासको व्यवस्था मिलाइने छ।
- नगरपालिकाको प्रत्येक वडामा एक वटा क्षेत्रलाई खुला क्षेत्र ( Open Space)घोषणा गरिनेछ।
- वागमती, गोडारी तथा ढुंग्रेखोलाको दायांवायां वायोइन्जिनियरिंग पद्धतीबाट नदि नियन्त्रण गरिने छ। ड्यामको थप ब्यवस्थापनको लागि कार्यक्रम सञ्चालन गरिनेछ।
- नदी नियन्त्रणको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- प्रकोपको अवस्था सिर्जना हुनु भन्दा सो अवस्था सिर्जन हुन नदिन सचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ।

## ५.५. समुदाय परिचालन, सामाजिक सुरक्षा तथा ब्यक्तिगत घटना दर्ता

- नागरिक सहभागितामा नगरका आयोजनाहरु सञ्चालन गरिने छ । जसको लागि ब्यवस्थित कार्यविधि वनाई लागु गरिने छ।
- नागरिक आचार संहिता वनाइ लागु गरिने छ। अधिकतम नागरिक सहभागिता जुट्ने गरि उपभोक्ता समिति, सामुदायिक संस्था, सहकारी संस्था तथा अन्य सामाजिक संयन्त्रमार्फत पारदर्शि रुपमा आयोजना तथा कार्यक्रमहरु सञ्चालन गरिने छ।
- सहकारी संस्थाको क्षमता बृद्धि गरिने छ । सुचना प्रविधिमा आधारित गुनासो सुनुवाई संयन्त्रको विकास गरिने छ । ब्यक्तिगत घटना दर्ता सिविर सञ्चालन तथा पुराना अभिलेखको सुरक्षणको लागि पुराना ब्यक्तिगत घटना दर्ताको डिजिटाइजेशन कार्य गरिने छ। जसको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- हिंसा पिडित महिलाको लागि संरक्षण केन्द्र, बृद्ध बृद्धा संरक्षण गृह तथा वालिवालिका सुधार तथा संरक्षण केन्द्रको स्थापना गरिने छ , जसको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- अपांगता भएका तथा फरक क्षमता भएकाहरुको लागि जीवन उपयोगी सिप तथा संरक्षणको कार्यक्रमहरु सञ्चालन गरिने छ।



भरत कुमार थापा
प्रमुख

लिला कुमारी मोक्तान
उप-प्रमुख

- आदिवासी जनजातीको परम्परा संरक्षण गर्दै यस क्षेत्रका विपन्न बोट जातीको लागि विशेष सिप तथा संरक्षणका कार्यहरु सञ्चालन गरिने छ ।
- सवै प्रकारका छुवाछुत तथा विभेदको अन्त्य गर्दै दलित जाती तथा समाजबाट पछाडि पारिएका वर्गको उत्थानका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

## ५.६. आर्थिक प्रशासन तथा राजस्व परिचालनः

- नगरपालिकाको सवै प्रकारको राजश्व प्रणालीलाई सुचना प्रविधिमा आधारित वनाइने छ ।
- ब्यवसायमैत्री कर प्रणालीको अवलंवन गरिने छ ।
- सवै भन्दा बढी कर तिर्ने कर दातालाई करदाता सम्मान तथा पुरस्कारको ब्यवस्था गरिने छ ।
- सम्पत्ती करमा बैज्ञानिक पद्धती अवलंवन गरिने छ । घडेरीमा उपयोग हुने जग्गा वाहेकमा पुरानो सवै कर बुझाउनेहरुको हकमा सम्पती कर तथा मालपोत छुट गरिने ब्यवस्था गरेको छु ।
- सार्वजनिक खरिद प्रणालीलाई पारदर्शि तथा अनुमानयोग्य बनाइने छ ।
- नगरपालिकाको सर्वजनिक खरिद नियमावली निर्माण गरि कार्यान्वयन गरिने छ । रु. १० करोड सम्मको कार्य संस्थागत उपभोक्ता समिति वा सहकारी संस्थामार्फत कार्य गर्न सकिने ब्यवस्था गरिने छ ।
- नगरपालिकाको आय ब्यय मासिक रुपमा सार्वजनिक गर्ने ब्यवस्था गरिने छ ।

## ५.७. वालवालिका सम्बन्धि नीति :

- वागमती नगरपालिकालाई बालमैत्री नगर घोषणा गर्ने तर्फ आवश्यक प्रकृयाको थालनी गरिनेछ ।
- वालश्रम उन्मूलनका विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।
- एक वडा एक वालमैत्री पार्क निर्माण गर्ने नीति लिइनेछ ।
- श्रमिक वालवालिका, वेवारिसे वालवालिका तथा सडक वालवालिका पहिचान गरि उद्धार कार्यक्रमको थालनी गरिनेछ ।
- वालवालिका उद्धार केन्द्रको स्थापनाको लागि पहल गरिने छ ।
- मेयर संग वालिवालिका कार्यक्रम सञ्चालन गरिने छ ।

## ५.८. सार्वजनिक सम्पत्तीको संरक्षण सम्बन्धी निति

- सार्वजनिक सम्पती, सार्वजनिक जग्गा, भवनहरुको अभिलेख राखि अग्रगामी सोचका साथ संरक्षण गरिने छ ।
- सामुदायिक विद्यालयहरुको जमिन, भवन र सम्पतीहरुको कम्प्युटिकृत पद्धतीद्धारा अभिलेख राखिने छ ।
- सार्वजनिक जमिनको उपयोगको मापदण्ड तयार गरि कार्यान्वयन गरिने छ ।

## ५.९. पर्यटन तथा सांस्कृतिक विकास सम्बन्धी नीति :

- ऐतिहासिक महत्वको स्थलहरुको पहिचान र संरक्षण गरी पर्यटन विकासमा जोड दिइने छ ।
- वागमती नगरपालिका वडा नं.११ मा पर्यटकीय महत्वको फनपार्क तथा रिसोर्ट निर्माण गर्न रु.५० करोड विनियोजन गरेको छु । उक्त स्रोत प्रदेश सरकार संगको सहलगानीबाट स्रोत परिचालन गर्ने अनुमान गरिएको छ ।
- वागमती नगरपालिका वडा नं.११ मा रेहको तपोवन, हरिहर क्षेत्र तथा वडा नं.७ मा रहेको मानेको संरक्षण गर्न पहल गरिने छ ।
- नगरपालिकाले देश भित्र वा देश वाहिरका नगरपालिकाहरुसँग भगिनी सम्बन्ध कायम गर्न आवश्यक प्रकृया थालनी गर्नेछ ।
- इतिहासविद वा पुरातत्वविदको सहायतामा ऐतिहासिक व्यक्ति वा घटनासंग जोडिएका ऐतिहासिक स्थल पहिचान गरी शिलालेखमा विवरण राखी सो स्थललाई पर्यटकीय स्थल को रुपमा प्रवर्द्धन गर्ने नीति लिइनेछ ।
- पर्यटन मेला, ब्यापारिक मेला जस्ता प्रवर्द्धनात्मक कार्यक्रमको थालनी गरिनेछ ।
- स्तरीय होटेल सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।
- जल पर्यटनको सम्भावनाको अध्ययन गरिने छ ।
- धार्मिक पर्यटन विकासको लागि हरिहर क्षेत्रको पुर्वाधार निर्माण गर्न आवश्यक रकम ब्यवस्था गरेको छु ।
- संघ, प्रदेश र नगरपालिकाको सहलगानीमा सांस्कृतिक तथा धार्मिक महत्व वोकेको बागमती नदी किनारमा निर्माणाधिन आर्यघाटको लागि रु.३ करोड विनियोजन गरेको छु । साथै वांकी संघ, प्रदेश सरकार तथा अन्य स्थानीय तहहरुको सह लगानी हुने अनुमान गरेको छु ।
- वडा नं.७, राजघाटमा इतिहास स्मरणको लागि जंग बहादुरको समाधि स्थल सम्बन्धी पुर्वाधार निर्माण गरिने छ । जसको लागि रु.१ करोड विनियोजनक गरेको छु , वांकी तहगत सरकार वीचको सहलगानी हुने अपेक्षा गरेको छ ।
- विभिन्न जातजातीको मौलिक वाजा गाजा तथा पराम्परा संरक्षणको लागि कला घर निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।



लिला कुमारी भोक्तान
उप-प्रमुख

५.१०. पुर्वाधार विकास :

- दीगो पुर्वाधार विकासमा जोड दिइनेछ ।
- नगर क्षेत्रमा संचालन हुने नगर स्तरीय विकास निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री तथा कच्चा पदार्थको बारेमा मापदण्ड बनाई गुणस्तर कार्यान्वयन गरिनेछ ।
- नगर यातायात गुरुयोजना बनाई लागु गरिने छ ।
- पुर्वाधार निर्माणको गुणस्तरियता परिक्षणको लागि प्रयोगशाला (Infrastructure Lab) स्थापन गरिने छ । जसको लागि रु २० लाख विनियोजन गरेको छु ।
- सीप विकास तालिम घर तथा समुदायिक भवनहरु निर्माण गरिने छ ।
- उपभोक्ता समितिबाट कार्य गराउंदा प्राविधिक रुपमा श्रमको दर विश्लेषण गर्न सम्भव भए पनि श्रमदानको आर्थिक विश्लेषण गर्नु औचित्यपुर्ण नभएकोले आ.व. २०७९।८० देखि नै कार्य सम्पादन भएको कार्यहरुको लागि उपभोक्ता समितिबाट कार्य गराउंदा भुक्तानी गर्दा डोर हाजिर आवश्यक नपर्ने ब्यवस्था मिलाएको छु । साथै उपभोक्ता समितिबाट कार्य गराउंदा नगरपालिकामा भुक्तानी गर्दा प्राविधिक वीलको मुल्यांकनको आधारमा भुक्तानी दिने र डोर हाजिर अवश्यक नपर्ने ब्यवस्था मिलाएको छु ।

५.११ जन स्वास्थ्य तर्फ :

- गुणस्तरीय स्वास्थ्य सेवाका लागि पूर्वाधार निमार्ण,क्षमता विकास,सेवाको विस्तारलाई विशेष प्राथमिकताका साथ अगाडी बढाईनेछ ।
- माहामारी व्यवस्थापन गर्न सहभागितामुलक पद्धती अवलंवन गरिने छ ।
- आधारभुत एक्सरे, अल्ट्रासोनोग्राफी, ईसिजी ह्याण्लिङ्ग, बेसिक अटोलोजी लगायतका तालिममा स्वास्थ्यकर्मीहरुलाई समावेश गराईनेछ ।
- लागुऔषध दुर्व्यसनी नियन्त्रण तथा अन्य स्वास्थ्य जनचेतना अभियान संचालन गरिनेछ ।
- मधुमेह र रक्तचाँप(प्रेशर) सुगर पहिचान अभियान संचालन गरिनेछ ।
- शंकरपुर स्वास्थ्य चौंकीको स्थानान्तरण गर्न व्यवस्था मिलाइने छ ।
- कर्मैया स्वास्थ्य चौंकीमा कम्प्युटराईज एक्सरे, भिडियो एक्सरे र मेडिकल प्रयोगशाला सेवा संचालन गरिनेछ ।
- राजघाट स्वास्थ्य चौंकीमा मेडिकल प्रयोगशाला सेवा संचालन गरिनेछ ।
- विशेषज्ञ सहितको घुम्ति स्वास्थ्य शिविरको व्यवस्था गरिनेछ ।
- सुचकको आधारमा उत्कृष्ठ स्वास्थ्य संस्थाहरुलाई पुरस्कार व्यवस्था गरिनेछ ।
- आधारभुत स्वास्थ्य तथा सरसफाई ऐन बनाईनेछ ।
- आर्युवेदिक स्वास्थ्य केन्द्र स्थापनाका लागि पहल गरिनेछ ।



भरत कुमार थापा
प्रमुख

लिला कुमारी मोक्तान
उप-प्रमुख

- सामुदायिक विद्यालयसँग समन्वय गरि विद्यालयको प्रे टाईममा स्वास्थ्य संदेशमुलक अडियो सुनाइनेछ ।
- महिनावारी स्वच्छता अभियान कार्यक्रम संचालन गरिनेछ ।
- नगर एम्बुलेन्सको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुलाई कम्प्युटर तथा ईन्टरनेट सेवा पुर्‍याईनेछ ।
- स्थानीय समुदायको सहयोगमा आवश्यकता अनुसार शहरी स्वास्थ्य क्लिनिक, योगध्यान केन्द्रहरु संचालनमा ल्याइनेछ ।
- माछा मासु विक्रीको मापदण्ड बनाई लागु गरिनेछ ।
- व्यवस्थित पशुवधशाला निर्माणमा लगानी केन्द्रीत गरिनेछ ।
- खाद्य विक्री बस्तु वितरणमा अनुगमन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- प्रत्येक वडामा स्वास्थ्य केन्द्रको व्यवस्था मिलाइनेछ ।
- बा.न.पा.वडा नं.१२ मा १५ सैयाको सुविधा सम्पन्न अस्पताल निर्माण गरिने छ ।
- महिला स्वास्थ्य स्वयम सेवीहरुको कार्यमुल्यांकनको आधारमा प्रोत्साहनको व्यवस्था मिलाइने छ । महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई मासिक थप रु.२५०० प्रोत्साहन भत्ता दिइ आएकोमा सो लाई निरन्तरता दिएको छु ।
- मोवाइल स्वास्थ्य शिविर तथा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ ।
- गर्भवती महिलाहरुलाई शुभकामना कार्ड र नवदम्पतीलाई शुभकामना कार्ड प्रदान गरिने व्यवस्थालाई निरन्तरता दिइने छ ।
- विद्यालय स्वास्थ्य शिविर तथा विद्यार्थी स्वाश्थ्य परीक्षण कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- ग्रामिण महिलाहरुमा लुकेर रहेको रोगहरुको स्थलगत रुपमा पहिचान र निदान गर्न मोवाइल घुम्ति शिविर खडा गरी अल्ट्रासाउण्ड र अत्यावश्यक उपकरण सहित स्थलगत रोग पहिचान र निदानको कार्यक्रमको थालनी गरिने छ ।
- समग्र स्वास्थ्य क्षेत्रमा शसर्त अनुदान तर्फ र अन्य स्रोत बाट बजेट विनियोजन गरेको छु ।
- हरेक नगरवासीलाई स्वास्थ्य वीमा गर्न प्रेरित गरिने छ ।
- कुपोषित वालवालिका केन्द्रित गरि कुपोषण मुक्त अभियान सञ्चालन गरिने छ । आगामी २ वर्ष भित्र पालिकालाई पोषणमैत्री नगरपालिका घोषणा गर्ने गरि कार्यक्रम सञ्चालन गरिने छ ।
- बढ्दो मनोरोग र स्वास्थ्य समस्यालाई मध्येनजर गरी योग तथा मनोपरामर्श सिविरहरु सञ्चालन गरिने छ ।
- महिलाको स्वास्थ्य समस्यालाई मध्य नजर गरि प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- आंखा शिविर सञ्चालनको लागि रु ३ लाख विनियोजन गरेको छु ।



लिला कुमारी मोक्तान
उप-प्रमुख

⊖ मुटु रोग शिविर सञ्चालन गरिने छ।

## ५.१२ शिक्षा सम्बन्धी नीति :

⊖ सबै विद्यालय जाने उमेर समुहका बालबालिकाहरुको साधारण तथा प्राबिधिक शिक्षाको पहुँच सुनिश्चित गर्दै समतामुलक गुणस्तरीय,जीवनोपयोगी,व्यावसायिक एवंम् प्रविधि युक्त शिक्षाको सुनिश्चित गरिनेछ

⊖ बागमती नगरपालिकाको क्षेत्र भित्र संचालमा रहेका ५ वटा सामुदायिक विद्यालयहरूमा कक्षा ९ देखि १२ सम्मका विद्यार्थीहरूका लागि एक विद्यालय एक उत्पादन र एक विधार्थी एक सीप कार्यक्रम संचालन सञ्चालन गरिनेछ। ती विद्यार्थीहरूलाई नगरपालिकाको सेवाप्रवाहमा प्रशिक्षार्थीको रूपमा परिचालन गरिनेछ।

⊖ सामुदायिक विद्यालयहरूलाई सूचना तथा सञ्चार प्रविधिमैत्री बनाइनेछ। यसका लागि आवश्यक उपकरण, भौतिक व्यवस्था र जनशक्तिको प्रवन्ध मिलाइनेछ। साथै शिक्षकहरूलाई सूचना तथा सञ्चार प्रविधि तथा विषयगत तालिम प्रदान गरी क्षमता अभिवृद्धि गरिनेछ। विद्यालय र शिक्षकको प्रयोगको लागि विद्यालयको आन्तरिक श्रोत समेतका आधारमा विद्यालयलाई क्रमशः ल्यापटप,डेष्टप,प्रिन्टर उपलब्ध गराइनेछ।

⊖ सामुदायिक र संस्थागत विद्यालयका बीचमा शैक्षिक गुणस्तर एवम् पहुँचमा समानता कायम गर्न अन्तर–विद्यालय अनुगमन भ्रमण, सिकाई साझेदारी, असल अभ्यास आदानप्रदान लागायतका सहक्रियाकलापहरू निरन्तर रूपमा सञ्चालन गरिनेछ|

⊖ सबै विद्यालयहरूमा पूर्व प्राथमिक तहदेखि कक्षा ८ सम्म स्थानीय विषयवस्तु समावेश गरि स्थानीय विषय विकास गरि क्रमसः लागु गरिनेछ ।

⊖ सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीको नियमित स्वास्थ्य जाँच, प्राथमिक उपचार र स्वास्थ्य सचेतनाको कार्यक्रम लागु गरिनेछ|



लिला कुमारी मोक्तान
उप-प्रमुख

- सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूलाई जिम्मेवार एवम् थप उत्प्रेरित क्षमता विकास कार्यशाला, प्रशासनिक कार्यलाई डिजिटल ( Digital Administration) बनाउदै नेपाल सरकारले प्रदान गर्दै आएको मासिक सुविधाको अतिरिक्त प्रोत्साहन स्वरुप माध्यमिकर आधारभूतलाई क्रमसः मासिक रू ५हजार र २ हजार उपलब्ध गराइनेछ ।

- Learning by Earning कार्यक्रमलाई गतिशील कार्यक्रमको रुपमा कार्यान्वयन गरिने गरिनेछ |

- विद्यालय स्तरबाटै सदाचार पद्धतीको विकास गर्न विद्यार्थीहरुबाट एक विद्यालय एक

- सादाचार नेता घोषणा गरिने छ ।

- विद्यालयहरूबीच वार्षिक रूपमा स्वदेशी एवंम् विदेशी विधार्थीहरु संग सास्कृतिक एवम् शैक्षिक आदानप्रदान, thematic days का आधारमा नगरस्तरीय प्रतियोगिता संचालन तथा आयोजना गरी विद्यार्थीहरूको सिर्जनशिलतालाई प्रोत्साहन गरिनेछ ।

- विद्यालयको भौतिक संरचनालाई बालमैत्री प्रविधि मैत्री बनाउन विद्यालय सौन्दरिकरण,संरचना रेनोभेट,फर्निचरको आधुनिकीकरण गरि सबै आधारभूत तहलाई थप व्यवस्थित गरिनेछ |

- शिक्षक विधार्थी तथा अभिभावकका लागि मागमा आधारित क्षमता विकास तालिम तथा कार्यशाला संचालन गरिनेछ साथैआधारभूत तथा माध्यमिक तहको नतिजा एवंम् विद्यालयको कार्यसम्पादन मूल्यांकनका आधारमा उत्कृष्ट विद्यालय,प्रधानाध्यापक,शिक्षक,र विधार्थी छनोट गरि पुरस्कृत गरिनेछ |

- बागमती सामुदायिक सिकाई केन्द्र,शैक्षिक विकास तथा अनुसन्धान केन्द्र,ICT पार्क,साँस्कृतिक संग्रालय,बागमती फर्म हाउस,आविष्कार तथा नवप्रवर्द्धन केन्द्रको स्थापनको कार्य अगाडी बढाईने छ |

- विद्यालय बाहिर रहेको विद्यालय उमेर समुहका बालबालिकालाई शिक्षामा मुलप्रवाहिकरण गर्न समता रणनीति निर्माण गरि लागु गरिनेछ | साथै "साक्षर नगर हाम्रो इच्क्षा, सबैलाई प्रौढ शिक्षा" भन्ने नारालाई आत्मसाथ गर्दै सबै प्रौढलाई शिक्षाको अवसर प्रदान गर्ने निति अवलम्बन गरिनेछ। साक्षर नगरको घोषणा गर्ने गरि कार्यकम सन्चालन गरिने छ ।



भरत कुमार थापा
प्रमुख

लिला कुमारी भोक्तान
उप-प्रमुख

बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
मधेश प्रदेश, नेपाल

भरत कुमार थापा
प्रमुख

- गुणस्तरीय र सुरक्षित विद्यालयमका विपत जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना र पञ्चबर्षिय नगर शिक्षा योजना निर्माण गरि लागु गरिनेछ।

- COVID – 19 ले पारेको असरबाट भएको शैक्षिक क्षति न्युनिकरनका लागि उपचारात्मक कक्षा संचालन संचालन गरिनेछ|

- नगरपालिका क्षेत्रभित्रका नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक भन्दा कम पारिश्रमिक पाउने विद्यालय कर्मचारी,बाल विकास शिक्षक र स्वयंसेवक शिक्षकको सुविधा वृद्धि गरिनेछ। शिक्षक विद्यार्थी अनुपात ECD मा १:२०, १ देखि ५ कक्षा मा १:३५ र ६ देखि १० मा १:३५ कायम गरिने छ। विषयगत शिक्षकको कमी हुन नदिने व्यवस्था गरिने छ।

- नगरपालिका भित्र संचालत सम्पूर्ण शैक्षिक क्रियाकलापलाई प्रभावकारी मापदण्ड बनाई प्रविधिमा माध्यमबाट नतिजामा आधारित अनुगमन तथा सुपरिवेक्षण गर्ने व्यवस्था गरिनेछ|

- शिक्षा क्षेत्रमा स्वयं सेवा गर्न चाहाने सरकारी तथा गैरसरकारी क्षेत्रका सेवा निवृत भएका र विशेष ज्ञान सिप भएका व्यक्तिहरुको लागि विशेष प्रोहोत्सान कार्यक्रम संचालन गरिनेछ| जसको लागि आवश्यक बजेट विनियोजन गरेको छु। हाल परिचालित स्वयम सेवक शिक्षकहरुलाई निरन्तरता दिइने छ।

- सामुदायिक विद्यालयको गुणस्तर विकासका लागि वडा स्तरमा "हामि सुधार गर्छौं,हाम्रो विद्यालय"कार्यक्रम संचालन गरिनेछ|

- "हाम्रो भुगोल हाम्रो चिनारी, नगर वनाउने हाम्रो जिम्मेवारी " कार्यकम सञ्चालन गरि विद्यार्थीहरुलाई नगर प्रतिको जिम्मेवारी वहन गर्न सक्ने जनशक्तिको रुपमा विकास गरिने छ।

- श्री ५ महेन्द्र जनता माध्यामिक विद्यालय, वागमती ११ को स्वामित्वमा रहेको लोकमार्गसंग जोडिएको करिव १ विघाह १७ कठा जग्गामा विद्यालयको आन्तरिक स्रोत बृद्धि गरि आन्तरिक उत्पादनको वजारीकरण गर्न कृषि वजारको ब्यवस्था गरिने छ। जसको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

- चतुर्जभुज्वेश्वर जनता क्याम्पस, सुकेपोखरीको शैक्षिक गुणस्तर सुदृढिकरणको लागि रु. ५ लाख अनुदानको ब्यवस्था गरेको छु।



भरत कुमार थापा
प्रमुख

लिला कुमारी मोक्तान
उप-प्रमुख

⊖ आदर्श जनता क्याम्पस, कर्मैया तथा प्राविधिक धारका डिप्लो कक्षा सञ्चालित विद्यालयको लागि अवश्यक बजेट अनुदानको व्यवस्था गरेको छु ।

५.१३ कृषि तथा पशु सम्बन्धी नीति :

- ⊖ निर्माणाधिन वेयर हाउसको काम आ.व. २०८०।८१ भित्र सम्पन्न गरिने छ जसको लागि रु.१ करोड विनियोजन गरेको छु ।
- ⊖ दाना उत्पादन उद्योग निर्माण गर्न साझेदारी प्रकृया अवलंवन गरिने छ ।
- ⊖ Custom Hiring Centre स्थापना गर्न प्रदेश सरकारसंग साझेदारी गरिने छ ।
- ⊖ च्याउ तथा च्याउको विउ उत्पादन, ब्यवसायिकरण, यान्त्रिकरण तथा बजार ब्यवस्थापन गर्न सम्बन्धित प्रदेश, संघ तथा सहकारी साझेदारीमा जोन स्थापना गर्न पहल गरिने छ ।
- ⊖ आकस्मिक रोग किरा ब्यवस्थापन गर्न वालि उपचार शिविर सञ्चालन गरिने छ । जसको लागि आवश्यक बजेट ब्यवस्था गरेको छु ।
- ⊖ तरकारी संकलन केन्द्र स्थापना गर्नको लागि कृषि ज्ञान केन्द्र, प्रदेश सरकार र नेपाल सरकारसंग साझेदारी गरिने छ ।
- ⊖ वाली उपचारको घुम्ती शिविर सञ्चालन गरिने छ ।
- ⊖ कृषिको मोवाइल एप्स सञ्चालन गरि कृषि सुचना जानकारी तथा गुनासो ब्यवस्थापनलाई प्रभावकारी वनाइने छ ।
- ⊖ कृषि तथा पशुपक्षिको तथ्यांक संकलन गरि नगर कृषि पशुपक्षिं डायरी प्रकाशन गरिने छ ।
- ⊖ अर्गानिक खेतीको लागि प्रोत्साहन गरि रासायनिक विषादी न्युनिकरण गर्ने ब्यवस्था मिलाइने छ ।
- ⊖ कृषि तथा पशुको <u>एक गाउं एक प्राविधिक</u> कार्यक्रमलाई लागत साझेदारीमा सञ्चालन गरिने छ ।
- ⊖ पशु सुत्केरी प्रोत्साहन वापत प्रति (गाई र भैसी) सुत्केरी हुंदा पशुपालकलाई प्रोत्साहन स्वरुप उपलब्ध गराइने रु.१००० लाई निरन्तरता दिएको छु ।
- ⊖ कृषिको यान्त्रिकरण, अधुनिकीकरण र वजारीकरण गरिने छ ।
- ⊖ कृषि, पशु तथा समग्र प्राविधिक विषय समेटेर एक अनुसन्धान तथा प्रयोगशालाको निर्माण गरिने छ ,
- ⊖ सवै जग्गाहरुको एकिकृत गरि एकिकृत खेती प्रणालीको अवलंवन गरिने छ ।
- ⊖ हरित कृषि प्रणालीलाई विशेष प्राथमिकता दिइने छ ।



लिला कुमारी मोक्तान
उप-प्रमुख

- सहकारी मार्फत कृषिलाई आधुनिकिकरण , अभिमुखीकरण , उत्पादन ब्यवस्थापन , वजारीकरण गरी किसानको जिवनस्तर उकास्नको लागि सहकारी डेस्क निर्माण गरी आवश्यक विज्ञ कर्मचारी ब्यवस्थापन गरिने छ ।
- महिला उद्यमशिल सहकारी स्थापना गरि उत्पादनमा जोड दिइनेछ ।
- श्री नव जनजागरण प्राविधिक विद्यालयको सहकार्यमा पशु सामुदायिक स्वास्थ्य सेवा क्लिनिक सञ्चालन गरिने छ ।
- कृषि तथा पशु कार्यलय भवन निर्माण गरिने छ ।

## ५.१४. सुशासन र भ्रष्टचार नियन्त्रण सम्बन्धी नीतिः

- कर्मचारीको क्षमता अभिवृद्धि गर्न सीप विकास कार्यक्रमहरु संचालन गरिने छ ।
- कर्मचारीको थप कार्य क्षमता वृद्धि गर्न आवश्यक प्रोत्साहनको व्यवस्था मिलाइने छ ।
- नगर प्रमुख र प्रशासकीय अधिकृत वीच र प्रमुख प्रशासकीय अधिकृत र अन्य कर्मचारी बीच कार्य सम्पादन सम्झौता करार गरी मुल्यांकन गर्ने ब्यवस्था गरिने छ । सुचकमा आधारित कर्मचारी प्रोत्साहन पद्धतीको थालनी गरिने छ ।
- कर्मचारीको आचारसहिंता तथा पदाधिकारीहरुको आचारसंहिता वनाइ कडाईका साथ कार्यान्वयन गरिने छ ।
- भ्रष्टचारमा शून्य सहनशीलता घोषणा गर्ने कार्यक्रम संचालन गरिने छ ।
- सेवा प्रवाहलाई प्रभावकारी, जनमुखी, परिणाममुखी र उत्तरदारी वनाउन वडाहरुको समेत सुचक वनाई मुल्यांकन गर्ने ब्यवस्था मिलाइने छ ।
- प्रमुख प्रशासकीय अधिकृतलाई नगरको गुनासो सुन्ने अधिकारी तोकी अनलाइन, एफ एम तथा अन्य डिजिटल प्ल्याट फर्मको प्रयोग गरि गुनासो सुन्ने ब्यवस्था मिलाइने छ , जसको लागि रु. ५ लाख विनियोजन गरेको छु ।
- प्रत्येक ३।३ महिनामा सार्वजनिक सुनुवाई कार्यकमलाई अनिवार्य गरिने छ , जसको लागि रु. ५ लाख विनियोजन गरेको छु ।
- सुचनाको हक सम्बन्धी ऐनलाई प्राभावकारी कार्यान्वयन गर्न, सुचना अधिकारीको थप जिम्मेवारीलाई मध्ये नजर गरि आवश्यक प्रोत्साहन भत्ताको ब्यवस्था गरेको छु ।
- विषयगत समिति परिचालनको लागि रु.१० लााख विनियोजन गरेको छु ।
- प्रत्येक शाखाका शाखा प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतले आफुले सम्पादन गरेको कार्यको प्रतिवेदन कार्यपालिका बैठक समक्ष मासिक रुपमा प्रस्तुतीकरण गर्ने ब्यवस्थाको थालनी गरिने छ ।
- जनप्रतिनिधिको आचारंसहिता निर्माण गरि कार्यान्वयन गरिने छ ।
- जनप्रतिनिधिलाई कार्य प्रति जिम्मेवार वनाई सवल शासनको अनुभुती दिन क्षमता विकासका कार्यकम सञ्चालन गरिने छ ।



भरत कुमार थापा
प्रमुख

लिला कुमारी मोक्तान
उप-प्रमुख

बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
मधेश प्रदेश, नेपाल

भरत कुमार थापा
प्रमुख

## ५.१५.सूचना प्रविधि सम्बन्धी नीति:

- सूचनामैत्री विद्यालय पहिचान गरी पुरस्कृत गरिने छ ।
- Online Payment, Digital नक्सापास तथा उपभोक्ता समिति गठन लगायतका सार्वजनिक सेवामा Digital Governance को कार्यान्वयन गरिने छ ।
- भूक्तानी प्रणालीलाई सहज बनाउन EFT- Payment System लाई कार्यान्वयनमा ल्याइने छ ।
- नगर भित्र सुचना प्रविधि सम्बन्धी स्नातक कक्षाको शुरुवात गरिने छ ।
- सार्वजनिक तथा पर्यटकीय स्थलमा फ्रि वाइफाइ को व्यवस्था मिलाइने छ ।

## ५.१६. बैकल्पिक उर्जा प्रवर्द्धन सम्बन्धि नीति :

- वागमती नदी बाट उत्पादन गर्न सकिने विद्युतको सम्भाब्यता अध्ययन गरि Micro Hydro Project मा लगानी गरिने छ ।
- वायोग्यास,व्रिकेटको उत्पादन तथा सीप विकासमा लगानी केन्द्रित गरिने छ ।
- वायु उर्जाको सम्भाब्यता अध्ययन गरि वायु उर्जा प्रवर्द्धन गरिने छ ।
- विद्युतीय उत्पादनको खपत बृद्धि गरि आत्म निर्भर उर्जा उपयोग गर्न इन्डक्सन चुलोमा अनुदान दिइने छ । जसको लागि बजेट व्यवस्था गरेको छु ।
- पालिकाको पर्यटकीय स्थानमा बैकल्पिक उर्जाकेन्द्रको साझेदारीमा सौर्य उर्जा बक्ति जडान गरिने छ ।

## ५.१७. खेलकुद विकास तर्फ

- व्यवस्थित रंगशाला निर्माण गर्न अवश्यक पहल गरिने छ ।
- फुटवल, किकेट , तेक्वान्दो जस्ता खेलको वढी सम्भावना भएकोले विभिन्न तहका प्रतिस्पर्धा गराउन युवा क्लव तथा खेलकुद संघ तथा महासंघलाई प्रोत्साहित गरिने छ । जसमा नगरपालिकाले पनि आवश्यकता अनुसार बजेट उपलब्ध गराउने छ ।
- कवर्ड हल तथा आवश्यकता अनुसार थप पुर्वाधारहरु निर्माण गर्दै लगिने छ ।
- खेलकुदको रुपमा प्रयोग हुँदै आएका मैदानहरुको संरक्षण र सम्बर्द्धन गरिने छ ।
- हामी सवैको धार्मिक आस्था संस्कृती र भुगोलसंग जोडिएको राजर्षि जनक कप फुटवल प्रतियोगितालाई निरन्तरता दिइने छ । जसको लीग अवश्यक बजेट ब्यवस्था गरेको छु ।
- नगरपालिकाको खेलकुद ऐन तर्जुमा गरि खेलकुदको संस्थागत विकासको लागि आवश्यक ब्यवस्था गरिने छ ।
- एक वडा एक खेलकुद मैदानलाई ब्यवस्थित गरिने छ ।



भरत कुमार थापा
प्रमुख

लिला कुमारी मोक्तान
उप-प्रमुख

ϴ नगरको खेलकुद क्षेत्रमा आवद्ध खोलाडिहरुलाई नगरपालिकाले कार्यविधि वनाई मासिक प्रोत्साहनको व्यवस्था गर्ने छ ।

ϴ खेलकुदमा बढ्दो महिला सहभागिता बृद्धि गर्न र महिला खेलाडिको खेल प्रतिको वढ्दो आर्षणलाई मध्यनजर गरि महिला खेलाडिको लागि विशेष प्रोत्साहनको व्यवस्था मिलाएको छु ।

ϴ सन्तोष स्मृति खेलकुद मैदानको लागि High Mast Lighting जडान गरि रात्री समयमा पनि खेल गर्न सकिने व्यवस्था गरिने छ ।

## ५.१८. उद्योग र व्यवसाय सम्बन्धि निति :

ϴ अध्ययनको आधारमा कुनै क्षेत्रलाई औद्योगिक क्षेत्रको रुपमा विकास गरिने छ ।

ϴ वतावरणमैत्री उद्योगहरु, सेवा व्यवसाय, सुचना प्रविधि, कृषि तथा दुग्ध उद्योगहरु तथा पर्यटनसंग सम्बन्धित उद्योगहरु स्थापनामा विशेष जोड दिइने छ ।

ϴ व्यवसाय र लगानीमैत्री वातावरण सृजना गरिने छ ।

ϴ नगरपालिका र सहकारी साझेदारीमा तुलनात्मक लाभका उद्योगहरु सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

ϴ सार्वजनिक निजी तथा सहकारी साझेदारी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

ϴ एक कृषि उद्योग स्थापना गर्न पहल गरिने छ ।

ϴ मुर्तिया क्षेत्र सागरनाथ परियोजनाको पर्ति जमिनमा औद्योगिक क्षेत्र स्थापना गर्न पहल गरिने छ ।

ϴ उद्यमशीलता लाई उत्पादन र रोजगारीसंग जोड्न उद्यमशिलता कोष तथा लघुउद्यम कोष स्थापना गरिने छ । जसको लागि रु. १ करोड विनियोजन गरेको छु ।

ϴ उद्यमशिलता तालिमबाट उत्पादन भएका समाग्रीहरु तथा स्थानीय तालिम प्राप्त जनशक्तिले उत्पादन गरेका सामाग्री प्रदर्शन तथा विकी वितरण गर्न कोशेली घरको व्यवस्था गरिने छ ।

## ५.१९.युवा सम्बन्धि निति :

ϴ युवा स्वरोजगारका कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

ϴ वैदेशिक राजगारीका सम्बन्धमा सुचना तथा सल्लाह उपलब्ध गराउन नगरपालिकामा

ϴ पालिकामा वैदेशिक रोजगारी सहायता तथा सुचना डेस्क स्थापना गरिने छ ।

ϴ युवालाई सम्भव भए सम्म आफ्नै गाउमा बसी रोजगार प्राप्त गर्ने किसिमका सीपमुलक तालिम तथा व्यवसाय प्रवर्द्धन गरिने छ ।

ϴ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा पुस्तालाई विशेष प्राथमिकता दिइने छ ।



भरत कुमार थापा
प्रमुख

लिला कुमारी मोक्तान
उप-प्रमुख

- वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुको लागि व्यवसायिक उत्पादनमा प्रोत्साहन गरिने छ।
- युवा सम्मेलन तथा युवा परिचलनका कार्याकमहरु सञ्चलन गरिने छ।
- बैदेशि रोजगारीबाट फर्किएको युवाहरुको ज्ञान र अनुभव साटासाट गर्न नगरपालिकामा ज्ञान साटासाट केन्द्रको स्थापना गरिने छ।
- कुलतमा फसेका युवालाई कुलत मुक्त गराउने कार्याकम सञ्चालन गरिने छ।
- युवा वर्गलाई देश प्रतिको समर्पण जगाउन युवा सदाचार नेतृत्व विकास तालिमको व्यवस्था गरिने छ।
- युवाहरुको शिक्षा, सीप , ज्ञान र क्षमताको प्रोफाइल राखि उपयोग गर्ने रणनीति लिइने छ । नगरपालिकमा छुटै युवा डेस्कको व्यवस्था गरिने छ।
- सीपको उत्पादन र वजारीकरण गरि स्वदेशमै रोजगारी सिर्जना गर्न सीप बैंकको व्यवस्था गरिने छ , जसको लागि रु.२ करोड विनियोजन गरेको छु।
- पालिकामा स्थापित श्रम स्वीकृती डेस्को लागि रु.५ लाख विनियोजन गरेको छु।

५.२०. जेष्ठ नागरिक सम्बन्धि निति :

- जेष्ठ नागरिकको ज्ञान, सीप , क्षमता र अनुभवको उच्च मुल्यांकन हुने किसिमका कार्यकम सञ्चालन गरिने छ।
- विश्राम स्थल, पाटि पौवा तथा आश्रम स्थल निर्माणमा विशेष ध्यान दिइने छ।
- जेष्ठ नागरिक सम्मानका विशेष कार्यकम सञ्चालन गरिने छ।
- जेष्ठ नागरि मिलन केन्द्रको स्थापना गरिने छ।
- जेष्ठ नागरिक स्वाथ्य परीक्षको लागि Mobile Service को व्यवस्था गरिने छ।

५.२१ अन्य लक्षित वर्गहरु सम्बन्धी नीति :

- तेस्रो लिंगी  तथा अल्प संख्यकहरुको लागि सचेतना मुलक र सीप विकास तालिम सञ्चालन गरिने छ।
- मुस्लिम तथा चेपांग जातीको लागि विशेष कार्यकम सञ्चालन गरिने छ।

५.२२. आदिवासी जानजाती सम्बन्धि निति :

- प्रचलित धर्म तथा संस्कृतिको प्रवर्द्धन गरिने छ।
- मौलिक संस्कृतिको विकास तथा क्षमता बृद्धिका कार्यकम सञ्चालनमा ल्याइने छ।
- मौलिक पहिचानको पुर्वाधारहरु जस्तै गुम्बा निर्माण जस्तामा लगानी केन्द्रित गरिने छ।
- लोपोन्मुख सिमान्तकृत  चेपांग जातीको लागि वडा नं ४ मा नमुना वस्ती निर्माण गरि व्यवस्थित गरिने छ।



भरत कुमार थापा
प्रमुख

लिला कुमारी मोक्तान
उप-प्रमुख

बागमती नगरपालिका
कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
मधेश प्रदेश, नेपाल

भरत कुमार थापा
प्रमुख

## ५.२३. दलित सम्बन्धि निति :

- पालिका भित्रका दलितहरुको तथ्यांक संकलन, अभिलेखिकरण र अध्यवधिक गरिने छ ।
- स्थानीय जातीय विवेद तथा छुवाछुत अनुगमन समितिलाई प्रभावकारी रुपमा कार्यान्वनमा ल्याइने छ
- दलित वालवालिका छात्रबृत्ति कार्यक्रम सञ्चालनमा ल्याइने छ । सार्वजनिक विद्यालयबाट एस इ इ मा उत्कृष्ठ २ जना दलित विद्यार्थीलाई ल्याप टप उपलब्ध गराइने छ ।
- उत्पादन र रोजगारमुलक कार्यक्रम सञ्चालन गरिने छ ।
- छुवाछुत भेदभावको उन्मुलन, समाजिक समावेशिकरण जस्ता विषयमा विशेष महत्व दिइने छ ।
- दलित वालपोषण भत्तालाई थप प्रभावकारी वनाइने छ ।
- नगर भित्रका प्राविधिक शिक्षालयमा दलित विद्यार्थी छात्रावृत्ति दिईनेछ ।
- नगर भित्र गठन गरिने विभिन्न समितिहरुमा अनिवार्य सहभागी गरिनेछ ।
- भूमिहिन दलित सुकुम्बासीहरुका लागि बसोबासको व्यवस्था मिलाईनेछ ।
- छुवाछुत उन्मुलनका लागि स्थानीय पाठ्यपुस्तकमा समावेश गरिनेछ ।
- न्युन आय भएका दलितहरुका लागि स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गरिन छ ।

## ५.२४. अपांग सम्बन्धि निति :

- अपाङ्गता भएका व्यक्तिहरुका लागि अपाङ्गता पहिचान तथा परिचय पत्र वितरण घुम्ति शिविर संचालन गरिनेछ ।
- विद्यालय तथा सरकारी भवनहरु, सार्वजनिक भवनहरु निर्माण गर्दा अनिवार्य रुपमा अपांगमैत्री हुनु पर्ने व्यवस्था मिलाइने छ ।
- सांकेतिक भाषा प्रशिक्षण कार्यको लागि रु ७५ हजार विनियोजन गरेको छु ।
- अपांग सामाग्री वितरण तथा अपांग सम्मान कार्यक्रम सञ्चालन गरिने छ ।

## ५.२५. महिला सम्बन्धि विशेष व्यवस्था :

- किशोरीहरुको लागि अत्मरक्षा तलिम दिइने छ ।
- सुत्केरी महिलाहरुको पोषण स्वास्थ्यलाई ध्यान दिइ सुत्केरी महिला तथा वालपोषण भत्ता कार्यक्रम सञ्चालनमा ल्याइनेछ । जसमा छोरा पाउनेलाई रु.३००० ( तीन हजार) र छोरी पाउनेलाई रु ५००० ( पांच हजार) का दरले पोषण शुरक्षा भत्ता प्रदान गर्ने गरिएको कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- सार्वजनिक शौचालय निर्माण गर्दा तथा विद्यालय तथा सार्वजनिक स्थलका शौचालयहरु अनिवार्य रुपमा महिलामैत्री तथा लैगिंकमैत्री हुनु पर्ने मापदण्ड वनाइ लागु गरिने छ ।



भरत कुमार थापा
प्रमुख

लिला कुमारी मोक्तान
उप-प्रमुख

बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
मधेश प्रदेश, नेपाल

- महिला समुहको गठन तथा कृषि अनुदानमा महिला सहभागिता, महिलामैत्री कृषि पद्धती तथा महिला विद्यालयस्थापना गर्ने व्यवस्था गरिने छ ।
- हिंसा पिडित महिलाको पुनस्थापना गर्ने कार्यक्रम संचालन गरिने ।
- सवै लक्षित वर्गको विकास, सवलिकरण, सामाजिकीकरण तथा उन्नतीकरणको लागि विकास कार्यक्रम समावेश गरेको छु । जस अन्तर्गत आवश्यक बजेट विनियोजन गरेको छु ।
- महिलाको लागि क्षमता विकास तथा सिपमुलक तालिमको व्यवस्था गरिने छ ।
- नगरपालिकालाई लैगिंक हिंसा मुक्त नगरपालिका घोषणा गरिने छ ।
- आमा समुह निर्माण गरी सामाजिक हितका कृयाकलापमा सकृय सहभागि गराइने छ ।
- महिला जनप्रतिनिधीको लागि युनिफर्मको व्यवस्था गरिने छ ।
- महिलाको नेतृत्व विकासको लागि उद्घोषण तालिम कार्यक्रम सञ्चालन गरिने छ ।

## ५.२६. न्याय सम्पादन सम्बन्धी नीति

- न्याय सम्पादन प्रकृयालाई निष्पक्ष, स्वतन्त्र र विश्वसनीय बनाउन न्यायिक समितिको क्षमता विकासमा विशेष कार्यक्रमहरु राखिने छ ।
- न्याय सम्पादनको शिलशिलामा हिंसा पिडित महिला, पिडित परिवारको तत्काल सुरक्षा र प्रतिरक्षा गर्ने कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- न्यायिक समितिको न्यायिक सम्पादन प्रकृयालाई सरल, सहज र सवैको पंहुच योग्य बनाउन छुटै न्यायिक सहायता कक्ष समेत रहने व्यवस्था मिलाइने छ ।
- न्यायिक समितिको पुर्वाधार तयार, छुटै इजालासको व्यवस्था तथा न्यायिक समितिको क्षमता विकास गर्न आवश्यक रकम व्यवस्था गरेको छु, न्यायिक समितिको लागि उजुरी प्रशासक लगायत आवश्यक जनशक्ति व्यवस्था गरिने छ । नगरको प्रशासनिक भवन तथा न्यायिक समितिको कार्यालय भवनस्थापना गर्न लागि रु. २ करोड विनियोजन गरेको छु ।
- न्यायिक समितिको कार्य प्रणालीलाई सरल , सुलभ र जनउपयोगी वनाउन र जनताको न्यियिक समिति प्रतिको विश्वास वढाउन न्यायिक समितिको पदाधिकारीहरुको आचार संहिता वनाइ लागु गरिने छ र न्यायिक समितिको न्याय सम्पादन सम्बन्धी कार्यविधि कानूनलाई संसोधन गरी सरल र सहज वनाइने छ ।
- न्यायिक समतिको क्षमता विकास र शुद्धणीकरणको लागि बजेट व्यवस्था गरेको छु ।
- न्यायिक समितिको सचिवालयलाई चुस्त दुरुस्त राख्न तथा न्याय सम्पादनलाई छिटो छरितो बनाउन कानूनी सल्लाहकार तथा आवश्यक जनशक्ति नियुक्ती गरि परिचालन गरिने छ ।
- जनप्रतिनिधि र कर्मचारीलाई स्थानीय सरकार सञ्चालन ऐन सम्बन्धी प्रशिक्षण दिइने छ ।
- स्थानीय स्तरमा न्याय सम्पदानको असल अभ्यासको अनुभव आदान प्रदान गर्न अन्य पालिका भ्रमण तथा न्यायिक कानूनी पुनर्ताजगी कार्यक्रम सञ्चालन गरिने छ ।



भरत कुमार थापा
प्रमुख

लिला कुमारी मोक्तान
उप-प्रमुख

५.२७. पत्रकारिता संम्बन्धी नीति :

- नगर गतिविधि प्रशारण गर्न रु.५ लाख विनियोजन गरेको छु ।
- प्रेस मिट कार्यकमबाट पत्रकार, सरकार र समाज वीचको अन्तकृया हुने व्यवस्था मिलाइने छ । जसको लागि रु. ५ लाख विनियोजन गरेको छु ।

५.२८. शान्ति सुरक्षा सम्बन्धी निति :

- समग्र नगर गतिविधिको सुरक्षाका लागि नगर प्रहरीको व्यवस्था गरिने छ ।
- नेपाल प्रहरी, शसस्त्र प्रहरी वल नेपाल तथा स्थानीय स्तरका शान्ति सुरक्षासंग सम्बन्धित निकायको समन्वयमा शान्ति सुरक्षालाई सवल र व्यवस्थित बनाइने छ । जसको लागि रु १० लाख विनियोजन गरेको छु ।

५.२९. बन ब्यवस्थापन सम्बन्धी निति

- जडिबुटी उत्पादन तथा ब्यवसायीकरणलाई प्रोत्साहन गरिने छ ।
- बन उद्यम काष्ठ तथा गैर काष्ठ जन्य उत्पादन र प्रषोधन , नर्सरी स्थापना , सामुदायिक वनमा बृक्षारोपण, पुनः उत्पादन गोडमेल लगायतका कार्यक्रम सञ्चालन गरिने छ ।
- निजी वनहरुलाई प्रोत्साहन गरिने छ ।
- जैविक विविधता संरक्षण, सम्बर्द्धन र विकास , भुक्षय नियन्त्रण , ताल संरक्षण, रैथाने वनस्पती र जीव जन्तुको संरक्षण, पानीको मुहान संरक्षण, नदीको संरक्षणमा विशेष प्रथमिकता दिइने छ ।
- रोड साइट बृक्षा रोपण , पार्क निर्माण लगायतका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- जलवायु परिवर्तन न्युनिकरण र अनुकुलन योजना निर्माण कार्यान्वयन, विश्व तापकम बृद्धि रोकथाम र नियन्त्रण कार्याकम, सामुदायिक वन दिवस कार्यकम जस्ता कार्यकममा विशेष प्रथामिकता दिइने छ ।
- बन तथा वातावरण संरक्षणमा सामुदायिक बनसंग सहकार्य गरिने छ ।

५.३० सहलगानी सम्बन्धी नीति :

- पालिकाको रणनैतिक महत्वको आयोजनाहरु सहलगानी नीति अनुरुप सञ्चालन गरिने छ ।
- तहगत सरकार वीचको साझेदारी कार्यकमहरु सञ्चालन गरि समन्वयात्मक विकास प्रणालीको अवलम्बन गरिने छ ।
- नगरका गौरवका आयोजनाहरु सहलगानी तथा सरकार,निजी क्षेत्र , सहकारी तथा गैरसरकारी क्षेत्रको साझेदारीमा सञ्चालन गरिने छ ।

बागमती नगरपालिका नगर कार्यपालिकाको कार्यालय कर्मैया, सर्लाही मधेश प्रदेश, नेपाल

भरत कुमार थापा प्रमुख

**५.३१ जनशक्ति व्यवस्थापन सम्बन्धी नीति :**

- नगरपालिकामा स्थायी कर्मचारीको हकमा नेपाल सरकारको निजामती सेवा सरह तलव सुविधा उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।
- करारको जनशक्ति व्यवस्थापनको लागि नगरकार्यपालिकाले कार्यविधि वनाई व्यवस्थापन गर्ने व्यवस्था मिलाएको छु ।
- भविष्य सम्म पालिकालाई आर्थिक भार नपरोस भन्ने दृष्टिकोणबाट नगरपालिकाको सञ्चालाति आयोजनाहरु र छोटो समयको लागि सेवा लिने जनशक्तिको लागि डोर हाजरमा समेत सेवा लिन सक्ने व्यवस्था मिलाएको छु ।
- पालिकामा कार्यरत जनशक्तिको कार्यसम्पादनको आधारमा थप प्रोत्साहन भत्ता दिइने व्यवस्था मिलाएको छु ।

नगरसभा सदस्यज्यूहरु ,

आर्थिक संकटको यस विषम परिस्थितीमा हाम्रा बजेट, नीति र कार्यक्रमहरु आफैमा एक चुनौतीका रुपमा रहेको छन् । तथापी हामी सवैको कार्यक्रम प्रतिको लगाव, काम गर्नु पछ्र भन्ने हुट हुटीको कारण हामी सफल हुने छौ भन्ने अपेक्षा राखेको छौं ।

सभाध्यक्ष महोदय,

तपसिलका आयोजनाहरुलाई नगरको गौरवको आयोजनाको सुचिमा समावेश गरेको छु ।

१. व्यवस्थित आर्यघाट निर्माण आयोजना
२. बजार केन्द्र निर्माण आयोजना
३. समुहीकृत सांस्कृतिक नमुना वस्ति विकास आयोजना
४. वागमती माछा पोखरी पर्यटकीय पुर्वाधार निर्माण अयोजना
५. बागमती फनपार्क एण्ड रिसोर्ट
६. कृषि अधुनिकीकरण कार्यक्रम
७.ल्याण्ड पुलिंग आयोजना
८. नगर बगैंचा आयोजना
९. डिजिटल गभर्नेन्स आयोजना
१०. वौद्ध तपोवन पर्यटकीय स्थल निर्माण आयोजना
११. Mini Open Zoo



भरत कुमार थापा प्रमुख

लिला कुमारी मोक्तान उप-प्रमुख

बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
मधेश प्रदेश, नेपाल

आयोजनाहरु नगरपालिकाको मात्र बजेटबाट सम्भव नहुने भएकोले संघ तथा प्रदेश साथै अन्य स्थानीय तहहरुको समेत लागत सहभागिता हुने अनुमान गरेको छु । नगरका गौरवका आयोजनाहरुको लगानीको स्रोतहरु अन्तरतह सरकार सहलगानी तथा सार्वजनिक - निजी-सहकारी-सामुदायिक- गैससस साझेदारीको अवधारणा अनुरुप परिचालन गरिने छ । यसरी परिचालित बजेट समेतको आधारमा बहुवर्षे कार्यक्रम र बजेट सहित ३ वर्षे बजेटको आकार रु.५ अर्ब ८० करोड १५ लाख हुने अनुमान गरेको छु । साथै अन्तराष्ट्रिय विकास सहायता स्रोत समेत परिचलन हुने अनुमान गरेको छु । अधुरा गौरवका आयोजनाहरु, नगरको आन्तरिक आय बृद्धि तथा रोजगारी सिर्जना गर्ने आयोजनाहरुको लागि बहुवर्षे भुक्तानी योजना बनाई आयोजनाको कुल लागत अनुमान बमोजिम ठेक्का बन्दोबस्त गर्न सक्ने व्यवस्था मिलाएको छु । जसको लागि सह लगानी सम्बन्धी ऐन तथा साझेदारी ऐन तर्जुमा गरि कार्यान्वयन गरिने छ ।

उच्च प्रतिफल दर भएका आयोजनहरुको लागि नगर विकास कोष तथा अन्य ऋण प्रदायक संस्थाहरुसंग कानून बनाई स्रोत परिचालन गरिने व्यवस्था मिलाएको छु ।

अन्तमा

यस गरिमामय सभामा बजेट प्रस्तुत गर्ने अवसर मिलाइ दिनु भएकोमा उपस्थित अध्यक्ष ज्यू, नगरसभाका सदस्यज्यूहरु, प्रमुख तथा विशिष्ट अतिथिज्यूहरु साथै कर्मचारी साथीहरुलाई हार्दिक धन्यवाद र आभार प्रकट गर्दछु ।

लिला कुमारी मोक्तान
उपप्रमुख
मिति : २०८० असार १० गते, आईतवार ।

धन्यवाद ।

लिला कुमारी मोक्तान
उप-प्रमुख